## सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ३, संख्या १**
**असार ११ गते २०७६ साल**


# भाग १

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको ऐन, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६

प्रस्तावना :

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बैद्धिक, शारीरिक, आर्थिक, ब्यवसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा ब्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपाल संविधानको धारा २२६ बमोजिम सुनकोशी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

गाउँ सभाबाट स्विकृत मिति : २०७६/०३/१०

प्रमाणीकरण मिति : २०७६/०३/११

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

क) यस ऐनको नाम सुनकोशी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ रहेको छ ।

ख) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, उपभोक्ता समिति, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

ख) प्रमुख भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ग) प्रमुख प्रशासकिय अधिकृत भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ ।

घ) प्रवन्ध समिति भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्छ ।

ङ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३) **दर्ता नगरी संस्था खोल्न नहुने**

यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुँदैन ।

४) **संस्था दर्ता**

१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी ब्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशाासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ :-

   क) संस्थाको नाम,
   ख) उद्देश्यहरू
   ग) प्रवन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा
   घ) आर्थिक श्रोत
   ङ) कार्यालयको ठेगाना ।
   च) संस्थाको विधान ३ प्रति (नेपाली कागजमा )
   छ) स्थानिय प्रहरीको सिफारिस ।
   ज) वडाको सिफारिस पत्र

झ) **हुलाक टिकट रु १०**

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण–पत्र दिनेछ ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर गाउँ कार्यपालिका समक्ष उजूर गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि गाउँ कार्यपालिकाले आवश्यक जाचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरि दिनु पर्नेछ ।

५) गाउँ क्षेत्र भित्र ब्यापार व्यवसाय संचालन गर्ने व्यक्तिको हकमा एक वा एक भन्दा वढी व्यक्तिले गाउँपालिकाले तोकेको मापदण्ड पुरा गरी सम्बन्धीत शाखाको सिफारिसको आधारमा दर्ता गरि दिनु पर्नेछ ।

६) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५) **संस्था दर्ता नहुने**

देहायको अवस्थामा संस्था दर्ता गर्न बाध्य नहुने

(१) नेपालको धार्मिक, सास्कृतीक, साम्प्रदायिक सदभावका आचँ आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल पर्ने, व्यक्तिगत लाभ निर्देशित तथा कानुनले निषेध गरेको कार्य जन्य  उद्वेश्य विधानमा राखेमा त्यस्तो संस्था दर्ता गरिने छैन ।

६. **संगठित संस्था मानिने**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ । तर सरकारी निकायको वजेट कार्यान्वयन गर्न दर्ता हुने उपभोक्त समितिको हकमा यो उपदफ लागु हुने छैन ।

(३) संस्थाले ब्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

(७) **संस्थाको सम्पत्ति**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान बिरूद्ध संस्थाको कुनै सम्पत्ती दुरूपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफ (१) बमोजिमको संस्थाको सम्पत्ती फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरूद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुखलाई गाउँपालिकाले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

(८) **अधि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने** :

(१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम गाउँपालिकामा अभिलेख दर्ता गराउनु पर्नेछ ।

(९) **संस्थाको उद्देश्यहरुमा हेरफेर** :

(१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सम्बन्धीत संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) विशेष साधारण सभामा उपस्थित भएमा जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृत लिनु पर्नेछ ।

१०) **हिसावको विवरण पठाउनु पर्ने** :

प्रबन्ध समितिले आफ्नो संस्थाको हिसावको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानिय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

११) **हिसाव जाँच गर्ने** :

(१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफ (१) बमोमि हिसाव जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले तोकिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेका, नोक्सान गरेको वा दुरूपयोग गरेका छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्स्तो पदाधिकारी, सदस्य वा कर्मचारी बाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।

(१२) **निर्देशन दिने :**

गाउपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(१३) **दण्ड सजाय :**

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्स्ता स्रस्थाका प्रबन्ध समितिका सदस्यहरूलाइै गाउँ प्रमुखले जनही पाच हजार देखी विस हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ । साथै कानुन बमोजिम कार्वाही गरिनेछ ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरूलाई गाउँ प्रमुखले जनही पाँच सय रूपैयासम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन । साथै संस्थाको बार्षिक कारोवार नवुझाएमा कानुन बमोजिम कार्वाही हुनेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवर)ा तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सर्म्बन्धित गदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँ प्रमुखले पाँच सय रूपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गर्‍मा वा अर्को संस्थासित गाभेमा वा स्रस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निवम्वन गर्न वा खारेज गर्ने सक्नेछ ।

(१४) **पुनरावेदन** :

दफा १२ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

(१५) **संस्थाको बिघटन वा त्यस्को परिणाम** :

(१) संस्थाको विधान बमोजिम कार्य संचाल गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाका जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउपालिकाले ब्यहोर्नेछ ।

(१६) **नियम बनाउने अधिकार** :

यस ऐनको उद्धेश्य कार्यान्वियन गर्न गाउँपालिकाले नियमञ्कार्यविधि बनाउन सक्नेछ ।

(१७) अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा हर्को नेपाल ऐनमा छुट्टै ब्यवस्था भएकोमा त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

(१८) **खारेजी वा बचाउ** :

(१) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ । सो को अभिलेखिकरण अनिवार्य गाउँपालिकामा गराउनु पर्नेछ ।

(१९) संस्थाको आफ्नै छाप, लोगो र सदस्यता दस्तुर रसिद समेत विधानमा खुलाउनु पर्नेछ ।

२०) संस्था दर्ताको दर्ता तथा नविकरण गाउ सभाद्धारा कायम गरिएको दररेट अनुसार हुनेछ ।

आज्ञाले,
विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत